प्रतिदिन १८ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१८ ।। अङ्क : ०२७ ॥ २०८२ फागुन १४ गते बिहिबार (26th Feb 2026 Thursday) **Pratidin** National Daily मूल्य-रु.५/-

# सीमा क्षेत्रमा स्क्याम गरी ठगी गर्ने गिरोह पक्राउ





झापा,फागुन १३ । नेपाल-भारत सीमा क्षेत्रमा स्क्याम गरी दुवै देशका मानिसहरुलाई ठगी गर्दै आएको एक गिरोहलाई झापा प्रहरीले पक्राउ गरेको छ । १२ करोड नक्कली नोट छापेर ठगी धन्दा गर्ने योजना बनाउँदै गर्दा ६ भारतीय र एक नेपालीसहित ७ जनालाई विभिन्न किर्ते कागजात र सामानसहित प्रहरीले पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा भारत पश्चिम बंगाल राज्यआदर्श पल्ली बस्ने वर्ष ४५ का अरिन्दम धर , उनकी श्रीमती भारत पश्चिम बंगाल राज्य सारत पल्ली बस्ने वर्ष ३६ की दिपा भौमिक , भारत पश्चिम बंगाल राज्य चन्द्र मोहन गुहा रोड, हरिनभी, साउथ २४ पार्गानास बस्ने वर्ष ३५ का सुमन सरकार ,भारत पश्चिम बंगाल राज्य पार्गानास मुसलमान पारा बस्ने वर्ष ३७ का नुर कलाम शेख, झापा कमल गाउँपालिका वडा नं. ६ बस्ने वर्ष ४३ का देवेन्द्र सापकोटा ,
भारत पश्चिम बंगाल राज्य जलपाईगुरी बने वर्ष ५२ का अवेद अली हुसैन र भारत पश्चिम बंगाल राज्य उमाचरनपुर फालाकाता बने वर्ष २० का फारुक अज्मी रहेका छन् । मंगलवार साँझ ६ बजे २ वटा भारतीय नम्बर प्लेटको सवारी साधनमा शंकास्पद रुपमा चन्द्रगढीबाट काँकडभिट्टातर्फ गइरहेको अवस्थामा भद्रपुरस्थित सशस्त्र प्रहरी बल नेपालको २ नं. हेडक्वार्टर गणले चेकजाँच क्रममा गाडीमा सवार उनीहरुलाई पक्राउ गरेको हो । उनीहरुलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय झापामा पठाइएको थियो । जिल्ला प्रहरी कार्यालयले बुधवार पत्रकार सम्मेलन गरी घटना र बरामद सामानबारे जानकारी दिएको छ । थप अनुसन्धान क्रममा उनीहरुले संगठित रुपमा ठगी र आपराधिक लाभ लगायतको उद्देश्य राखेको पुष्टि भएको छ । नोट (कागजी मुद्रा) आकारको सादा कागजको प्रत्येक बन्डलमा तल माथि सक्कली कागजी मुद्रा राखी र साथमा सरकारी कार्यालयको पत्र समेत राखी आफूले व्यापारमा लगानी गरी नाफा कमाएको रकम कानुनी अड्चनको कारण नेपालको कानुन कार्यान्वयन गर्ने निकायले जफत गरेको र सो रकम भारततर्फ लैजान पेनाल्टीस्वरुप जरिवाना वापतको रकम बुझाउनुपर्ने भएकाले केही रकम आवश्यक परेको भनी चिनजान वा व्यापारिक पृष्ठभूमिका व्यक्तिहरुलाई उक्त भिडियो सन्देश पठाई ठगी गर्ने योजना बनाएको देखिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्रबहादुर खड्काले बताए । उनीहरुले मेचीनगर नगरपालिका वडा न ४आमडाँगीमा लुकाई राखेको २१ वटा टिनको बक्सा र २३७ बन्डल नोट आकारको सादा कागज बरामद गरिएको छ । उनीहरुले सो कागजबाट १२ करोड नक्कली नोट छाप्ने योजना बनाएको कुरा अनुसन्धानबाट खुलेको छ । उनीहरुको साथबाट सरकारी छाप तथा दस्तखत किर्ते गरिएको किर्ता कागजातहरु, नेपाल सरकारको निशान छाप , नेपाल प्रहरीको किर्ते गरी बनाइएको परिचयपत्र र नक्कली सरकारी डकुमेन्टहरु समेत बरामद भएको छ।
किर्ते गरि बनाइएका कागजातहरु सत्य हुन भनी विश्वास दिलाउन नोटरी पब्लिकबाट प्रमाणित गराउनु पर्ने भएकाले उनीहरु भारतबाट काँकडभिट्टा नाका हुँदै चन्द्रगढी आएको डीएसपी खड्काले बताए । डेढ महिना अगाडि उनीहरुले ठगी गर्ने उद्देश्य राखी पैसाको फोटो र भिडियो बनाउन मेचीनगर नगरपालिका वडा नं ४ स्थित एक होटलमा कोठा लिई उक्त टिनको बक्सा र नोट आकारको सादा कागजको बन्डलको फोटो तथा भिडियो बनाएको भनी बुझिएको खड्काले बताए । उनीहरुले नेपाल भारत सीमा क्षेत्रमा विगतका दिनहरुमा ठगी धन्दा लगायत अन्य किसिमका स्क्याम गरि दुबै देशका मानिसहरुलाई विश्वासमा पारी ठगी गरी पीडित बनाएको हुनसक्ने भएकाले ठगीमा परेका पीडितलाई जिल्ला प्रहरी कार्यालय झापामा सम्पर्क गर्न डीएसपी खड्काले अनुरोध गरेका छन् । उनीहरुलाई मुलुकी अपराध संहिता २०७४ बमोजिम लिखत सम्बन्धी कसुर अन्तरगत अनुसन्धान तथा कारवाही हुने जनाइएको छ ।

# बिर्तामोड बसपार्कको आन्दोलन फिर्ता

बिर्तामोड, फागुन १३ । बिर्तामोड बसपार्क क्षेत्रमा रहेको ५१ बिगाह जग्गाको रोक्का फुकुवा गर्ने सहमतिपछि आन्दोलनरत् पक्षले आफ्ना आन्दोलनका कार्यक्रम फिर्ता लिएका छन् । अबदेखि उम्मेदवारहरुलाई चुनाव प्रचारप्रसारका लागि उनीहरुले बसपार्क क्षेत्रमा प्रवेश गर्न दिने भएका हुन् । झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालको नेतृत्वमा अर्जुनधारा नगरपालिकाको कार्यालयमा सम्पन्न सर्वपक्षीय बैठकले ६ बुँदे समझदारी गर्दै लामो समयदेखिको विवादलाई निकास दिएको हो । सहमतिसँगै बसपार्कको ५१ विगाहा क्षेत्रमा राजनीतिक दल र उम्मेदवारहरूलाई क्षेत्र प्रवेशमा रोक लगाउने तथा निर्वाचन सम्बन्धी गतिविधिमा निषेध गर्ने घोषणा गरेका थिए । संवाद समूह कोशीको संयोजन र सहजीकरणमा भएको बैठकमा दुवै नगरपालिकाका जनप्रतिनिधिहरूले सो जग्गा कानून बमोजिम फुकुवा गर्न सम्बन्धित निकायहरूमा विशेष पहल गर्ने र पीडितहरूको माग पूरा गर्न सामूहिक प्रतिबद्धता व्यक्त गरेका छन् । सहमतिको मुख्य उपलब्धिका रूपमा बसपार्क समन्वय समितिले बुधवारदेखि नै आन्दोलनका सबै कार्यक्रमहरू फिर्ता लिएको छ । निर्वाचन लोकतन्त्रको आधार भएको र मतदान गर्ने नागरिकको अधिकारलाई सम्मान गर्दै बसपार्क



दल र उम्मेदवारहरुलाई 'प्रवेश निषेध' लेखिएका होर्डिङ बोर्ड तथा व्यानरहरु हटाइएको छ । बोर्ड हटाइएसँगै दल र उम्मेदवारहरुलाई अब उक्त क्षेत्रमा मत माग्न र राजनीतिक गतिविधि सञ्चालनका लागि प्रवेश खुल्ला भएको छ । त्यहाँ शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न गर्ने गरी आन्दोलनरत् पक्षले सहमति जनाएका हुन् । राजनीतिक दलहरुले पीडितलाई न्याय दिलाउन जस्तोसुकै परिस्थितिमा पनि साथ दिने प्रतिबद्धता जनाए ।
विगत लामो समयदेखि बिर्तामोड नगरपालिका-५ र अर्जुनधारा नगरपालिका वडा नम्बर ११मा रहेको जग्गा विभागीय कार्यालयबाट रोक्का भएपछि स्थानीयबासीहरू आन्दोलित थिए । उनीहरूले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य पदको निर्वाचनलाई लक्षित गरी राजनीतिक क्षेत्रमा निर्वाचन गतिविधि सञ्चालनका लागि सहज वातावरण बनाउन आन्दोलनरत पक्ष सहमत भएको हो । यससँगै ५१ बिगाह क्षेत्रभित्र राखिएका 'प्रवेश निषेध' सम्बन्धी सम्पूर्ण होर्डिङ बोर्ड, ब्यानर र निषेधात्मक सामग्रीहरू बुधवारदेखि नै हटाइएको छ । यदि यो समस्या आगामी दिनमा पनि समाधान नभएमा राजनीतिक दलहरूले कानूनी उपचारको प्रक्रियामा आवश्यक साथ र सहयोग गर्ने सामूहिक ऐक्यबद्धता समेत जनाएका छन् । आगामी फागुन २१ गते हुने निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहीत वातावरणमा सम्पन्न गर्न सबै सरोकारवालाहरूले आफ्नो तर्फबाट पूर्ण प्रतिबद्धता जनाएपछि क्षेत्रको तनाव मत्थर भएको हो । बैठकमा विभिन्न राजनीतिक दलका प्रतिनिधि,

❖ बाँकी पृष्ठ ४ मा

# भारतीय गृहमन्त्री शाह नेपालको सीमावर्ती क्षेत्रको भ्रमणमा

झापा,फागुन १३ । नेपालमा निर्वाचन हुनै लाग्दा भारतका केन्द्रीय गृहमन्त्री अमित शाहले नेपालसँग सीमा जोडिएको बिहारको सीमावर्ती क्षेत्रको भ्रमणमा आएका छन् ।
उनी बिहारमा तीन दिनसम्म बस्ने भएका छन् । उनको यो भ्रमण भारतको आन्तरिक सुरक्षाको दृष्टिकोणले सामान्य भ्रमणभन्दा महत्वपूर्ण मानिएको छ । बुधवारदेखि सुरु यस भ्रमणमा गृहमन्त्री शाहले भारत, नेपाल र बंगलादेशको सीमा क्षेत्रमा भइरहेको घुसपैठ र सुरक्षा व्यवस्थाको नजिकबाट अध्ययन गर्नेछन् ।

**यस्तो छ गृहमन्त्री शाहको कार्यक्रम**

भारतका केन्द्रीय गृहमन्त्री अमित शाह बुधबार साँझ करिब ५ बजे बिहारको किशनगञ्ज पुगेका छन् । उनलाई किशनगञ्ज विमानस्थलमा उपमुख्यमन्त्री सम्राट चौधरी, गृह राज्यमन्त्री नित्यानन्द राई र सडक निर्माणमन्त्री दिलीप जैसवालले स्वागत गरेका थिए । किशनगञ्ज पुग्नेबित्तिकै अमित शाह मेन्ची अडिटोरियममा भएको समीक्षा बैठकमा सहभागी भए । त्यहाँ जिल्ला प्रशासन, एसएसबी, बीएसएफ र अन्य वरिष्ठ अधिकारीहरूसँग सीमा सुरक्षाबारे छलफल भएको छ। बैठकमा नेपाल-भारत अन्तर ष्ट्रिय सीमाका विषयमा विस्तृत छलफल भएको बताइएको छ । तीन सीमावर्ती जिल्लामा केन्द्रित हुनेछ । यो भ्रमण २५ देखि २७ फेब्रुअरीसम्म चल्नेछ। यसको मुख्य फोकस किशनगंज, अररिया र पूर्णिया जिल्लाहरूमा छ। तीनवटै जिल्ला नेपालको सिमानासँग जोडिएका छन् । सुरक्षाको दृष्टिकोणले यो क्षेत्र निकै संवेदनशील मानिन्छ । सीमापार गतिविधि, घुसपैठ र निगरानी प्रणाली बलियो बनाउन विशेष जोड दिइएको छ।

**राति राजनीतिक बैठक**

पहिलो प्रशासनिक बैठकपछि अमित शाहले मन्त्री दिलीप जैसवालको निवासमा दोस्रो बैठक गर्ने भएका छन् । यो बैठक राति अबेरसम्म चल्न सक्छ । यसमा भाजपा नेताहरूसँग राजनीतिक रणनीतिबारे छलफल हुनेछ। विशेष गरी २०२६ को पश्चिम बंगाल विधानसभा चुनावका लागि रणनीति बनाउन सकिन्छ। स्रोतका अनुसार बंगालका धेरै प्रभावशाली नेताहरू पनि किशनगञ्ज पुगेका छन् । सीमाञ्चल र उत्तर बङ्गालको भूराजनीतिक अवस्थालाई ध्यानमा राख्दै बीजेपीले यो भ्रमणलाई महत्वपूर्ण मानिरहेको छ । बैठकमा अन्तर्राष्ट्रिय सीमामा निगरानी प्रणाली सुदृढ गर्ने, अवैध गतिविधि रोक्न, गुप्तचर निकायबीचको समन्वय र प्राविधिक निगरानी बढाउने विषयमा छलफल भएको छ । स्थानीय प्रशासन र केन्द्रीय निकायबीचको समन्वयलाई पनि प्राथमिकतामा राखिएको छ । २६ फेब्रुअरीमा अमित शाहले भाजपा नेताहरूलाई भेट्ने छन्। त्यसपछि उनी अररिया जानेछन् । पूर्णिया र सीमा क्षेत्रको सुरक्षा व्यवस्थाको पनि समीक्षा गरिनेछ।



**चुनौती सामना गर्ने तयारी**

गृहमन्त्री शाहले भ्रमण गर्ने क्षेत्र नेपाल र बंगलादेशको सिमाना नजिक रहेको र चिकेन नेक नजिक भएकाले यो क्षेत्र निकै संवेदनशील छ । गृहमन्त्रीको मुख्य ध्यान यहाँको बदलिँदो जनसांख्यिकी र घुसपैठमा केन्द्रित हुने छ । गुप्तचर निकायको प्रतिवेदनअनुसार सीमा क्षेत्रमा बढ्दो कट्टरपन्थी मुलुकको सुरक्षाका लागि चुनौती बन्न सक्छ । यो भ्रमणका क्रममा शाहले सात जिल्लाका कप्तानसँग प्रत्यक्ष संवाद गर्दै घुसपैठको वर्तमान अवस्था र त्यसलाई रोक्नको लागि आगामी रणनीतिका बारेमा ठोस कदम चाल्न

❖ बाँकी तेस्रो पृष्ठमा

# झापा ५ मा पाँचजना डीएसपीको कमाण्डमा २ हजारबढी सुरक्षाकर्मी

झापा,फागुन १३ । नेकपा एमालेका अध्यक्ष केपी ओली र रास्वपाका वरिष्ठ नेता बालेन शाहले उम्मेदवारी दिएको झापा ५ मा निर्वाचन सुरक्षालाई लक्षित गरी जनपद प्रहरीले पाँचजना डीएसपी खटाएको छ । इलाका प्रहरी कार्यालय दमकमा मात्र डीएसपीको दरबन्दी रहेकोमा गृह मन्त्रालयले थप चारजना डीएसपी पठाएको हो । झापा ५ को प्रत्येक पालिकामा एक-एकजना डीएसपीको कमाण्डमा प्रहरी परिचालन गरिएको छ । गौरीगंज , गौरादह , कमलमा पनि डीएसपीको कमाण्ड रहेको छ । झापा ५ मा मात्र दुई हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ । निर्वाचन सुरक्षाका लागि यसअघि तैनाथ सुरक्षाकर्मीका अलावा थप टोली परिचालन गरिएको हो ।

करिव दुई साताअघि कोशी प्रदेश प्रहरी कार्यालयबाट सयजना प्रहरी झापा ५ मा ल्याइएकोमा फेरि केही दिनअघि चारजना डीएसपीसहित ठूलो संख्यामा प्रहरी गृह मन्त्रालयबाट खटिएका छन् । निर्वाचनलाई लक्षित गरी झापामा तीन गुणा प्रहरी थप गरिएको झापा प्रहरी प्रमुख एसपी बसुन्धरा खड्काले बताइन् । उनले झापामा निर्वाचन गराउन यथेष्ट प्रहरी रहेको जानकारी दिइन् । निर्वाचनलाई लक्षित गरी सरकारले सातवटै प्रदेशमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल (एपीएफ) बाट थप टोली परिचालन गरेको छ। गृह मन्त्रालयले दुवै प्रहरी प्रधान कार्यालयबाट डीएसपीदेखि एसएसपीसम्मको नेतृत्वमा थप टोली खटाएको हो। उनीहरूलाई मतदान सकिएपछि मात्रै फिर्ता हुन भनिएको छ। झापामा थप एकजना जनपद प्रहरीका एसपी आउने चर्चा रहेपनि अहिलेसम्म आइपुगेका छैनन् ।

# ७२ घण्टा अघि नै सीमा नाका बन्द गर्न निर्देशन

काठमाडौँ, फागुन १३ । निर्वाचन आयोगले निर्वाचन मितिभन्दा ७२ घण्टा अघिदेखि नै सम्बन्धित जिल्लाका अन्तर्राष्ट्रिय सीमा नाका बन्द गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको छ।
बुधबार विज्ञप्ति सार्वजनिक गर्दै आयोगका सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईले यस्तो निर्देशन दिएको जानकारी गराएका हुन् ।
'निर्वाचन सुरक्षा -व्यवस्थापन निर्देशिका, २०८२ को दफा ६ मा उल्लेख भए बमोजिम निर्वाचनमा शान्ति सुरक्षा कामय गर्ने सम्बन्धमा तोकिएका सबै कार्यहरुसहित सोही दफाको खण्ड (झ) मा उल्लेख भएको निर्वाचत मितिभन्दा ७२ घण्टा अघिदेखि सम्बन्धित जिल्लाका अन्तर्राष्ट्रिय सीमा नाका बन्द गर्ने व्यवस्था मिलाउने', प्रवक्ता भट्टराईले सार्वजनिक गरेको विज्ञप्तिमा उल्लेख छ ।
फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि प्रभावकारी सुरक्षा व्यवस्था मिलाउने सम्बन्धमा निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८ बमोजिम गठित उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकले महत्वपूर्ण निर्देशन गर्दै कार्यान्वयनका लागि गृह मन्त्रालयमा पठाएको हो ।
उच्च स्तरीय निर्वाचन सुरक्षा समिति बैठकका निर्णय बुँदामा :

मौन अवधि र आचारसंहिताः मिति २०८२ फागुन १८ गते राति १२:०० बजेदेखि लागू हुने निर्वाचन प्रचारप्रसार निषेध (मौन) अवधिमा निर्वाचन आचारसंहिताको पूर्ण पालना गराउन गृह मन्त्रालयले सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायलाई निर्देशन दिने। आचारसंहिता विपरीतका कार्य भए गरेको पाइएमा तत्काल कानुनी कारबाही गरी आयोगलाई जानकारी गराउने।



मादक पदार्थ प्रतिबन्धः मतदानको मितिभन्दा ७ दिनअघिदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थको बिक्री-वितरण तथा सेवनमा पूर्ण प्रतिबन्ध लगाउने।
सवारी आवागमनः मतदानको दिन फागुन २० गते राति १२:०० बजेदेखि फागुन २१ गते मतदान सम्पन्न नभएसम्मका लागि अत्यावश्यक सेवा (एम्बुलेन्स, दमकल, शववाहन, दूरसञ्चार, विद्युत् मर्मत आदि), कूटनीतिक नियोग र पास प्राप्त सवारीसाधन बाहेक अन्य सार्वजनिक तथा निजी सवारी साधन सञ्चालनमा रोक लगाउने।
हवाई उडानः मतदानको दिन अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाई उडान यथावत् सञ्चालन हुनेछन्। हवाई टिकट भएका यात्रुले विमानस्थलदेखि होटल/घरसम्म यात्रा गर्दा निजी वा सम्बन्धित एयरलाइन्सको सवार ीसाधन प्रयोग गर्न पाउने व्यवस्था मिलाउने।
सीमा नाका बन्दः निर्वाचन सुरक्षा निर्देशिका अनुसार निर्वाचन हुनुभन्दा ७२ घण्टा अघिदेखि सम्बन्धित जिल्लाका अन्तर्राष्ट्रिय सीमा नाकाहरू बन्द गर्ने व्यवस्था मिलाउने।

मतदानका लागि आवश्यक कागजातः मतदाता नामावलीमा नाम भएका मतदाताले मतदानका लागि जाँदा आफ्नो मतदाता परिचयपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, जग्गाधनी प्रमाणपुर्जा वा सवारी चालक अनुमतिपत्र (लाइसेन्स) मध्ये कुनै एउटा सक्कल कागजात साथमा लिई जानुपर्ने। सो आधारमा मतदान गर्न पाउने कुराको सूचना सुरक्षाकर्मी र कर्मचारीलाई दिने।
सवारी पास वितरणः मतदानको दिनका लागि आवश्यक सवारी पास वितरण गर्न निर्वाचन आयोगको सचिवालय परिसरमा छुट्टै इकाइ खडा गरी कर्मचारी खटाउने।

# १०औँ राष्ट्रिय खेलकुद निर्वाचनपछि हुने

काठमाडौँ, फागुन १३ । फागुन १ देखि ७ गतेसम्म कर्णाली प्रदेशको सुर्खेतमा आयोजना गरिने भनिएको १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिता आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनपछि उपयुक्त समयमा गरिने भएको छ ।

मन्त्रिपरिषद्को मङ्गलबार बसेको सार्वजनिक गरिसकिएको छ । सरकारले मिति सरेपछि आर्थिक वर्ष २०८२/०८३ मा १०औँ आयोजनाका लागि ५४ करोड बजेट पनि विनियोजन गरेको थियो ।

१०औँ खेलकुदको मस्कटमा लोपोन्मुख जनावर 'रेडपान्डा' रहेको छ । यस्तै लोगोमा सात रङ, चन्द्र



बैठकले १०औँ राष्ट्रिय खेलकुद पुनः सार्ने निर्णय गरेको हो । पटक-पटक मिति तय हुँदै र सर्दै आएको राष्ट्रिय खेलकुद प्रतियोगिता यसअघि कात्तिक २४ गते बसेको मन्त्रिपरिषद् को बैठकले फागुन पहिलो साता गर्ने निर्णय गरेको थियो । त्यसअघि पछिल्लो पटक कर्णाली प्रदेशमा गत जेठ ३ देखि १० गतेसम्म आयोजना हुने गरी मिति तय गरिएको थियो । मिति सरेपनि १०औँ राष्ट्रिय खेलकुदको लोगो र मस्कट र सूर्य भन्दा अङ्कित रहेको छ । यसअघि राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले १०औँ खेलकुदको खेलाडी दर्ताका लागि अनलाइन पोर्टल र खेलकुदको डेडिकेटेड अनलाइन पोर्टलसमेत सार्वजनिक गरेको थियो ।

दुई-दुई वर्षमा आयोजना हुनुपर्ने राष्ट्रिय खेलकुदको पछिल्लो नवौँ संस्करण २०७९ सालमा गण्डकी प्रदेशको राजधानी पोखरामा भएको थियो ।

# पाकिस्तानलाई हराउँदै इङ्ल्यान्ड सेमिफाइनलमा



काठमाडौँ, फागुन १३ । इङ्ल्यान्ड आइसिसी टी-२० विश्वकप क्रिकेटको सेमिफाइनलमा प्रवेश गरेको छ ।

श्रीलङ्कास्थित पल्लेकेले अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा मङ्गलबार राति भएको खेलमा इङ्ल्यान्डले पाकिस्तानलाई दुई विकेटले हरायो ।

यससँगै इङ्ल्यान्ड जारी विश्वकपको सेमिफाइनलमा पुग्ने पहिलो टोलीसमेत बनेको छ । सुपर आठमा लगातार दोस्रो जित निकालेको इङ्ल्यान्ड समूह दुईमा चार अङ्क जोड्दै शीर्षस्थानमा छ ।

न्युजिल्यान्ड र पाकिस्तानले एक-एक अङ्क बनाएको छ । श्रीलङ्काले अङ्कको खाता खोल्न सकेको छैन । समूह चरणमा इङ्ल्यान्डले नेपाल रहेको समूह 'सी' बाट प्रतिस्पर्धा गरेको थियो ।

टस जितेर पहिले ब्याटिङ गर्दै पाकिस्तानले २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ६४ रन बनाएको थियो । पाकिस्तानका लागि साहिबजादा फरहानले सर्वाधिक ६३ रन बनाए ।

बाबर आजम र फकर जमानले समान २५-२५ र शादव खानले २३ रन बनाए । बलिङमा इङ्ल्यान्डका लियाम डसनले तीन विकेट लिए । यस्तै जेमी ओभरटन र जोफ्रा आर्चरले दुई-दुई तथा आदिल रसिदले एक विकेट लिए ।

जितका लागि एक सय ६५ रनको लक्ष्य पछ्याएको इङ्ल्यान्डले १९.१ ओभरमा आठ विकेटको क्षतिमा लक्ष्य पूरा गरेको थियो । इङ्ल्यान्डका लागि कप्तान ह्यारी ब्रुकले शतकीय इनिङ्स खेले । उनले ५१ बलमा १० चौका र चार छक्कासहित एक सय रन बनाए ।

यस्तै विल ज्याक्सले २८ र साम करनले १६ रन बनाए । बलिङमा पाकिस्तानका शाहिन शाह अफ्रिदीले तीन तथा मोहम्मद नवाज र उसमान तारिकले दुई-दुई विकेट लिए ।

## निक्षेप...

बैंकहरूमा कर्जा खाताको सङ्ख्या उल्लेख्य घटेको छ । गत आवको ६ महिनासम्ममा विकास बैंकको २ लाख ७५ हजार ९५० कर्जा खाता रहेकोमा साढे २ प्रतिशत (७ हजार ९१ खाता) घटेर २ लाख ६८ हजार ८५९ खातामा सीमित भएको छ ।

राष्ट्र बैंकका सहायक प्रवक्ता न्यौपानेका अनुसार, पुराना ऋणीहरूले कर्जा चुक्ता गरेर खाता बन्द गराउने क्रम बढेकोले विकास बैंकको कर्जा खाता घटेको हो ।

"बजारमा अधिक तरलता रहे पनि नयाँ कर्जाको माग कमजोर हुनु र नयाँ ऋणीहरू नथपिनुले पनि कर्जा खाताको नेट चेन्जमा गिरावट देखिएको हो । यस्तो विशेष गरेर विकास बैंकमा देखिन्छ," उनले भने । यद्यपि, सबै बैंक तथा वित्तीय संस्थाहरूमा भने कर्जा खाता नघटेका उनको भनाइ छ ।

नेपाल बैंकर्स संघका अध्यक्ष तथा माछापुच्छ्रे बैंकका सीईओ सन्तोष कोइरालाका बैंकहरूमा निक्षेपको तुलनामा कर्जाको संख्या कम हुनुको कारण नयाँ कर्जाको माग नहुनुलाई देखाउँछन् ।

"लामो समयदेखि बैंकिङ प्रणालीमा लगानीयोग्य पुँजी (तरलता) अधिक छ । किनभने थप नयाँ माग न्यून छ । नयाँ लगानीका योजनाहरू खासै आएका छैनन्," कोइरालाले भने, "विशेष गरी निर्वाचन र राजनीतिक अस्थिरताका कारण लगानीकर्ताहरू पर्ख र हेरको अवस्थामा रहेकाले नयाँ सरकार बनेपछि मात्रै नयाँ कर्जा जाने र कर्जाको खाता संख्या पनि बढ्ने अपेक्षा छ ।"

नेपालको वित्तीय क्षेत्रको पछिल्लो तथ्यांकले मुलुकको अर्थतन्त्रमा बैंकिङ पहुँच र तरलताको अवस्था सुदृढ बन्दै गएको देखाएको छ । ०८२ पुस मसान्तसम्मको राष्ट्रिय आर्थिक तरलता तथा कर्जा कार्यसम्पादन सूचकअनुसार, बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेप र कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को अनुपात १२६.४७ प्रतिशत पुगेको छ ।

यो अवधिमा बैंकहरूको कर्जा प्रवाहको अवस्था पनि विस्तार भएको देखिन्छ । प्राप्त विवरणअनुसार, कुल कर्जा र जीडीपीको अनुपात ९४.८६ प्रतिशत कायम भएको छ ।

वित्तीय प्रणालीमा वाणिज्य बैंकहरूको हिस्सा सबैभन्दा ठूलो छ । वाणिज्य बैंकहरूको मात्रै निक्षेप जीडीपीको ११३.८६ प्रतिशत रहेको छ भने कर्जा प्रवाह ८४.३४ प्रतिशत रहेको छ । तुलनात्मक रूपमा विकास बैंक र वित्त कम्पनीहरूको योगदान क्रमशः १०.३५ प्रतिशत र २.२६ प्रतिशत निक्षेपमा सीमित छ ।

समग्र बैंकिङ प्रणालीको कर्जा-निक्षेप अनुपात ७५ प्रतिशत कायम भएको छ । जसले बजारमा लगानीयोग्य पुँजी (तरलता) पर्याप्त रहेको संकेत गर्दछ । विशेष गरी विकास बैंकहरूको कर्जा-निक्षेप अनुपात अन्यको तुलनामा उच्च देखिएको छ । जसले उनीहरूले आफ्नो निक्षेपको ठूलो हिस्सा कर्जाका रूपमा परिचालन गरेको देखिन्छ ।

समग्रमा, ७५ प्रतिशतको कर्जा-निक्षेप अनुपातले बैंकहरूसँग अझै थप कर्जा विस्तार गर्न सक्ने क्षमता अधिक देखिन्छ । बैंकहरूले ९० प्रतिशतसम्म कर्जा प्रवाह गर्न पाउँछन् । जसअनुसार १५ प्रतिशतको कुसन भएकाले प्रणालीमा अधिक तरलता छ । यो स्थिति विगत १ वर्षदेखि निरन्तर छ ।

# निर्वाचन अवधिभर स्वास्थ्यकर्मीलाई बिदा बस्न रोक

काठमाडौँ, फागुन १३ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका समयमा स्वास्थ्य सेवालाई निरन्तर राख्न उच्च सतर्कता अपनाएको छ ।

निर्वाचनअघि राजनीतिक गतिविधि तीव्र बन्दै जाँदा हुनसक्ने सम्भावित झडप र सडक अवरोधलाई मध्यनजर गर्दै मन्त्रालयले विशेष पूर्वतयारी गरेको हो । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार चुनावी आम सभा, भेला तथा घरदैलोका क्रममा राजनीतिक दलका कार्यकर्ताबिच हुनसक्ने द्वन्द्व र निर्वाचन बिथोल्न खोज्ने समूहबाट हुनसक्ने अवरोधलाई आँकलन गरी स्वास्थ्य सेवा प्रभावित नहुने गरी व्यवस्था मिलाइएको छ ।

मन्त्रालयले यस विषयमा गृह मन्त्रालय, प्रदेश तथा स्थानीय तहसँग समन्वय गरिरहेको छ । "निर्वाचनका नाममा सडक अवरुद्ध गर्ने वा अन्य व्यवधान सिर्जना गर्ने गतिविधि हुनसक्ने भएकाले स्वास्थ्य सेवामा असर नपरोस् भनेर तयारी गरेका छौँ," प्रवक्ता बुढाथोकीले भने । निर्वाचन आयोगलाई समेत स्वास्थ्यकर्मी परिचालन गर्दा सेवा प्रवाहमा प्रतिकूल असर नपर्ने गरी व्यवस्था मिलाउन आग्रह गरिएको छ ।

मन्त्रालयले सबै अस्पताल तथा स्वास्थ्य संस्थालाई नियमित सेवा जारी राख्न निर्देशन दिएको छ । निर्वाचनका बेला स्वास्थ्यकर्मीलाई अनावश्यक बिदा नदिन र लामो बिदामा रहेकाहरूलाई सेवामा फर्किन भनिएको छ । सम्भावित आपत्कालीन अवस्थालाई ध्यानमा राख्दै मन्त्रालयले स्वास्थ्यकर्मीका लागि अभिमुखीकरण, भर्चुअल तालिम तथा आवश्यक औषधी र उपकरणको मौज्दात व्यवस्थापन गरिसकेको छ ।

रणनीतिक स्थानहरूमा औषधी तथा लजिस्टिक सामग्री भण्डारण गरिएको र आवश्यकता परेमा आपत्कालीन मेडिकल टिम (इएमटी) तथा र्‍यापिड रेस्पोन्स टिम परिचालन गरिने मन्त्रालयले जनाएको छ । निर्वाचन अवधिभर स्वास्थ्य संस्था र एम्बुलेन्स सेवा चौबीसै घण्टा अविरल रूपमा सञ्चालन हुनेछन् ।

मन्त्रालयले स्थानीय प्रशासनलाई समेत झडप हुन नदिन र सडक मार्ग खुला राख्न अनुरोध गरेको छ । कुनै पनि अप्रिय घटना भइहालेमा स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरू उपचारका लागि पूर्ण तयारी अवस्थामा रहेको मन्त्रालयको दाबी छ ।


# प्रजातन्त्रको सम्मान गरौं।

- राज्यशक्तिका स्रोत जनता हुन्।
- निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो।
- आवधिक निर्वाचन प्रजातन्त्रको आधार स्तम्भ हो।
- नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्।
- प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ ।
- कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो।
- शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं।
- सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं।
- सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं।
- प्रजातान्त्रिक संस्कृतिको सम्बर्द्धन गरौं।

नेपाल सरकार विज्ञापन बोर्ड


## सन् २०२५ मा पत्रकार हत्या

# इजरायलको भूमिका सबैभन्दा बढी

न्युयोर्क । सन् २०२५ मा विश्वभर १२९ जना पत्रकार र सञ्चारकर्मी मारिएका छन् । यी घटनामा इजरायलले गाजाबाट रिपोर्ट गर्ने पत्रकारको ठूलो हिस्सा मारिए सबैभन्दा बढी भूमिका खेलेको देखिएको पत्रकार संरक्षण समिति (सिपिजे) ले बुधबार जनाएको छ ।

सन् २०२५ मा पत्रकारको मृत्युको संख्या अत्यधिक बढेको छ र सिपिजेले तीन दशक अघि डेटा सङ्कलन सुरु गरेदेखि यो सबैभन्दा घातक वर्ष बनेको छ, जुन लगातार दोस्रो वर्ष हो । सिपिजेका प्रमुख जोडी गिन्सबर्गले विज्ञप्तिमा भने, "सूचनाको पहुँच पहिलेभन्दा बढी महत्वपूर्ण भएको समयमा पत्रकारको हत्या हुनु हामी सबैका लागि जोखिम हो । सन् २०२५ मा भएका मृत्युको तीन चौथाइभन्दा बढी द्वन्द्वका कारण भएको छ ।"

सन् २०२५ मा इजरायली गोली हानाहानबाट मारिएका ८६ पत्रकार मध्ये ६० प्रतिशतभन्दा बढी गाजामा रिपोर्ट गर्ने प्यालेस्टिनी थिए । इजरायली सेनाले पत्रकारलाई जानाजानी लक्षित नगर्ने दाबी गरेको छ । युक्रेन र सुडानमा पनि पत्रकारको मृत्यु बढेको छ । सिपिजेले ड्रोन प्रयोगबाट भएका ३९ घटना दस्तावेज गरेको छ, जसमा गाजामा इजरायलले २८ र सुडानमा अर्धसैनिक बलले पाँच पत्रकारको हत्या गरेको थियो ।

युक्रेनमा रुसी सैन्य ड्रोनले चार पत्रकारको हत्या गरेको छ । यो सन् २०२२ पछि युद्ध क्षेत्रमा पत्रकारको सबैभन्दा ठूलो वार्षिक मृत्यु हो । सिपिजेले दण्डहीनताको निरन्तर संस्कृतिका कारण पत्रकार बढ्दो जोखिममा रहेको बताएको छ । मेक्सिकोमा छ र फिलिपिन्समा तीन पत्रकार मारिएका थिए । भ्रष्टाचार रिपोर्टिङका कारण बङ्गलादेशी पत्रकारको हत्या भएको र भारत र पेरुमा सङ्गठित अपराधसँग सम्बन्धित मृत्यु रेकर्ड गरिएको छ ।

साउदी अरबमा प्रमुख स्तम्भकार तुर्की अल-जस्सरलाई राज्यद्वारा मृत्युदण्ड दिइएको थियो । सिपिजेले यसलाई पत्रकारलाई दबाउन प्रयोग भएको 'नक्कली राष्ट्रिय सुरक्षा र वित्तीय अपराध' सँग तुलना गरेको छ । सन् २०१८ मा जमाल खशोग्जीको हत्या भएयता यो पहिलो दस्तावेजित घटना भएको वर्ष हो । विश्वभर प्रेस स्वतन्त्रताको सङ्कट र युद्ध तथा राजनीतिक दबावले पत्रकारको सुरक्षा अझ चुनौतीपूर्ण बनेको छ, जसले सूचना पहुँच र मानवअधिकार दुवैमा खतराको सङ्केत दिएको छ ।


## निक्षेपउपर हकदावी सम्बन्धी ३५ दिने सूचना

कोशी प्रदेश,झापा जिल्ला,बिर्तामोड नगरपालिका वार्ड नं.-०७ मा बस्ने श्री छवीलाल ढुंगानाकी नातिनी,श्री देवी प्रसाद ढुंगानाकी छोरी श्रीमती कल्पना भण्डारीको मिति वि.सं.२०८२/१०/१४गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय गरामनीमा रहेको नारी बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका श्रीमान भोजराज भण्डारीले मिति वि.सं.२०८२/११/१०मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सबुत प्रमाण सहित सम्बन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
Birtamode, Jhapa
023-535864 | 534010
info@edb.com.np
www.edb.com.np

## अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### ७ दिने सूचना

सधियार पूर्व : श्री विनय लिम्बु पश्चिमः बाटो उत्तरः मिलन प्रधान दक्षिण : श्री सारदा भुजेलको नाममा जारी गरिएको ।

अर्जुनधारा नगरपालिका, वडा नं. ११ बस्ने श्री रन्जना गुरुङ ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| अर्जुनधारा-११ | - | ८५८६ | ०-०-११ | २०८२/१०/२१ | २०८२/११/०८ | २०८२/११/१२ |

## अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### ७ दिने सूचना

सधियार पूर्व : श्री निहारिका गुरुङ पश्चिमः बाटो उत्तरः बाटो दक्षिण : श्री मगेस राईको नाममा जारी गरिएको ।

अर्जुनधारा नगरपालिका, वडा नं. ११ बस्ने श्री दलामु शेर्पा ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| अर्जुनधारा-११ | - | ८५८६ | ०-०-१२.७५ | २०८२/१०/१९ | २०८२/११/०८ | २०८२/११/१२ |

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार दक्षिणः निरा प्रसाई को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ६ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री श्रुती शाहीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन नक्सा पास प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९-०१ १९ | २२० | ३४० व.मी. | २०८२/१० /२० | २०८२/१० /२० | २०८२/११/०८ |

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार दक्षिणः भुमा सिटौलाको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. ६ बस्ने श्री फूलमाया भण्डारीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ६ | १८००० ४२ | १८३६ | १६९.३० | २०८२/१० /१४ | २०८२/१० /१४ | २०८२/११/१० |

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री सिमन लिम्बु, पश्चिमः श्री सिमा रिजालको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री अनुसा मादेनले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ५ | १७९०० ८० | ११४९ | ११०.०० | २०८२/०९ /२८ | २०८२/०९ /२८ | २०८२/११/११ |

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री शान्ताकला खरेलको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ७ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री नरीमाया राईले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९०१ ६० | १४९८ १५०१ | १९३.३१ | २०८२/१० /२६ | २०८२/१० /२६ | २०८२/११/१२ |


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# बालबालिकालाई चुनावमा नहिडाऊ

निर्वाचन प्रचारप्रसारमा बालबालिकाको प्रयोग गरिएको भेटिएपछि निर्वाचन आयोगले फागुन ११ गते विज्ञप्ति जारी गरी चुनावी अभियानमा बालबालिकाको प्रयोग नगर्न राजनीतिक दल र उम्मेदवारहरूलाई निर्देशन दिएको छ । निर्वाचन आचार संहितामा चुनाव प्रचारमा बालबालिकालाई संलग्न गर्न वा गराउन निषेध गरिएको छ । संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धिलगायतका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनहरूमा पनि बालबालिकालाई कुनै पनि जोखिमपूर्ण काम र ठाममा सहभागी गराउन नहुने प्रावधान रहेको देखिन्छ ।

निर्वाचन आयोगको विज्ञप्तिमा उल्लेख भएअनुसार आचार संहिताको उल्लंघन भएमा आयोगले उमेदवारी रद्द गर्नेसम्मको कारबाही गर्न सक्छ । यसैगरी राष्ट्रिय मानव अधिकार आयोगले पनि निर्वाचनमा बालबालिकाको प्रयोग हुन नदिन राजनीतिक दल, नागरिक समाज, विद्यालय, शिक्षक र अविभावकको जिम्मेवारी सम्झाउँदै तदनुरुपको आचरणका लागि आग्रह गरेको छ । आयोगको अनुगमनबाट सामाजिक सञ्जाललगायत प्रत्यक्षरूपमा पनि बालबालिकालाई निर्वाचन गतिविधिमा संलग्न गराइएको पाइएको भन्दै आचार संहिता पालन गर्न ध्यानाकर्षण गराएको छ ।

यसैगरी निर्वाचन आयोगले सरकारी शिक्षक तथा कर्मचारीलाई चुनावी प्रचारप्रसारमा संलग्न नहुनै स्मरण गराउँदै आफ्नो पेसागत मर्यादा नबिर्सन चेतावनी दिएको छ । आगामी फागुन २१ गते हुने निर्वाचनका लागि देशभर भइरहेको निर्वाचन प्रचारप्रसारमा केही सरकारी शिक्षक तथा कर्मचारी राजनीतिक दल तथा उमेदवार विशेषको प्रचारमा लागेको थाहा भएको भन्दै त्यस्तो गतिविधि निर्वाचन आचार संहिताविपरीत हुने जनाएको हो ।

पक्कै पनि खुला समाजमा व्यक्ति विशेषको राजनीतिक मान्यता र झुकाव हुन्छ । अरू दायित्व नहुने हो भने राजनीतिक क्रियाकलापमा खुलेरै संलग्न हुँदा पनि राज्यलाई आपत्ति हुनुपर्ने देखिँदैन । संसारका कतिपय लोकतान्त्रिक मुलुकमा सरकारी कर्मचारीले निर्वाचनमा राजनीतिक पदका लागि उमेदवार हुनपाउने व्यवस्था पनि छ ।

तर, नेपाललगायतका कतिपय मुलुकमा निर्वाचनलाई स्वच्छ र निष्पक्ष राख्न विभिन्न नियम र आचार संहिताबाट विधि र निषेध तय गरिएको हुन्छ । यसरी तय गरिएका विधि र निषेध कायम रहुन्जेल पालना गर्नु सरकारी कर्मचारी, शिक्षक, उमेदवारलगायत राजनीतिक दलका नेता कार्यकर्ता तथा सञ्चारकर्मीसहित नागरिक समाजको पनि कर्तव्य हो । आचार संहिताका प्रावधानहरू उचित नलाग्न सक्छन् तर तिनलाई कि खारेज गराउन सक्नुपर्छ नभए पालना गर्नु कानुनीमात्र होइन नैतिक दायित्व पनि हो । त्यसकारण निर्वाचन आचार संहिता पालना गरौं ।




# लोकतन्त्र, निर्वाचन र सञ्चार



• रामप्रसाद भण्डारी

युवापुस्ताले भदौ २३ र २४ मा गरेको विद्रोहको पृष्ठभूमिमा अपर्झट घोषित विशेष निर्वाचनको तयारीका क्रममा निर्वाचन आयोग अन्तिम घडीमा आइपुगेको छ । विशिष्ट राजनीतिक परिस्थितिमा निर्वाचन आयोगले संविधानले तोकेको समयसीमाभित्र निर्वाचन कार्य सम्पन्न गर्ने दिशाउन्मुख छ । निर्वाचनको वातावरण निर्माणका लागि देशमा स्थापित राजनीतिक दल, विद्रोहबाट आएको नयाँ पुस्ता, सरकार, सरोकारवाला र सञ्चार क्षेत्रको भूमिका स्मरणीय छ । विद्रोहपछि लामो समयसम्म राजनीतिक सङ्क्रमण कायम रहला कि भन्ने चासो र चिन्तालाई सबै पक्षको सुझबुझका कारण आयोग निर्वाचनको अन्तिम तयारीमा जुटेको छ ।

आन्दोलनको रापबाट आएको समूह र पुराना राजनीतिक शक्तिलाई समदुरीमा सन्तुलित गरेर अघि बढ्नु निकै चुनौतीपूर्ण कार्य थियो । संवाद गर्नै नचाहने र संवाद सुन्न नचाहने शक्तिलाई एकै ठाउँमा ल्याएर निषेधको अवस्थाबाट यति छोटो अवधिमा चुनावी माहोलमा सबै पक्षलाई सामेल गराउनु निर्वाचन आयोगका लागि समेत सजिलो थिएन । लोकतान्त्रिक शासन प्रणालीमा नागरिकको सार्वभौमसत्ता निर्वाचनमार्फत अभिव्यक्त हुन्छ । नेपालको सन्दर्भमा संविधानले जनताको मताधिकारलाई मौलिक अधिकारका रूपमा स्थापित गरेको छ । यही मताधिकारको प्रयोगबाट प्रतिनिधि छनोट हुन्छन्, नीतिहरू तय हुन्छन् र शासनको वैधता सुनिश्चित हुन्छन् । यस कारण पनि निर्वाचन केवल एउटा प्रक्रिया मात्र होइन, यो राज्य र नागरिकबिच विश्वासको सेतु पनि हो । जेनजी विद्रोहपछि भत्किएको नागरिक र राज्यबिचको सम्बन्धको सेतुलाई आउँदो चुनावले पुनर्स्थापित गर्ने छ भन्ने निर्वाचन आयोगको दृढ विश्वाससमेत छ ।

### निर्वाचन खर्च र प्रचारको पारदर्शिता

निर्वाचन आयोगले नागरिक सहभागितासँगै निर्वाचनको प्रक्रियागत स्वच्छता, पारदर्शिता र स्वतन्त्रताका लागि नयाँ अभ्यास र प्रयोग अगाडि बढाएको छ । राजनीतिक दल र नागरिक करारलाई सुनिश्चित गर्न घोषणापत्र सार्वजनिक, आयोगमा जानकारी र कार्यान्वयन प्रगतिको नागरिकलाई जानकारी दिने उद्देश्यले सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ । यस्तो व्यवस्थाले सार्वभौम नागरिक र जनप्रतिनिधिबिचको विश्वासलाई बलियो बनाउने अपेक्षा छ । निर्वाचनको पारदर्शिता प्रवर्धन गर्न दलहरू तथा उम्मेदवारलाई खर्चमा पारदर्शी बनाउन आयोग क्रियाशील छ । आयोगले प्रचारप्रसारका लागि राजनीतिक दल र उम्मेदवारसमेतलाई छुट्टै बैङ्क खाता सञ्चालनमा ल्याउन निर्देशन गरेको छ भने



त्यस्तो खाताबाट भएको खर्चको अनुगमन हुने छ । खर्चिलो चुनावलाई नियन्त्रण गर्न तथा दल र उम्मेदवारका क्रियाकलापलाई पारदर्शी बनाउन सहयोग पुऱ्याउने आयोगको विश्वास छ ।

निर्वाचन आचारसंहिता केवल नैतिक बन्धन मात्र होइन, स्वनियमनको विधि पनि हो । निर्वाचन स्वच्छता कायमका लागि आयोगले जारी गरेको आचारसंहिता पूर्ण परिपालना हुनेमा आयोग विश्वस्त छ । आचारसंहिताविपरीतका कार्यमा कानुनले तोकेबमोजिम जरिबाना र उम्मेदवारको हकमा उम्मेदवारी रद्दसम्म आयोग प्रस्तुत हुनुपर्ने हुन्छ । यस्तो अवस्था सिर्जना भएमा अन्यथा मान्नुपर्ने अवस्था रहँदैन ।

### सञ्चार क्षेत्रसँग अपेक्षा

सञ्चार माध्यम जनमत निर्माणको सेतु हो । सञ्चार जगत् सूचनादाता मात्र होइन, निगरानीकर्ता पनि हो । निर्वाचनको प्रक्रियामाथि निगरानी राख्नुस्, निर्वाचन आचारसंहिताको पालना, सार्वजनिक स्रोतको दुरुपयोग वा दुष्प्रचार जस्ता विषयमा पनि निगरानी राखिदिनुस् भन्ने अपेक्षा निर्वाचन आयोग गर्छ ।

सञ्चार जगत् सार्वजनिक मञ्चप्रदायक पनि हो । विचार-विमर्शको खुला मञ्च सिर्जना गर्न, विभिन्न मत र दृष्टिकोणमा छलफल चलाउन सञ्चार जगत् स्वतन्त्र छ । सञ्चार क्षेत्रले गर्ने विमर्श संविधान, प्रचलित कानुन र निर्वाचन आचारसंहिता अनुकूल होस् भन्ने आयोगको आग्रह हो । फरक मत तथा दृष्टिकोण तथा आलोचनात्मक बहसले लोकतान्त्रिक संस्कृतिलाई सुदृढ बनाउँछ भन्नेमा आयोग प्रस्ट छ ।

सही सूचना लोकतन्त्रको बल हो, गलत सूचना लोकतन्त्रको चुनौती हो । डिजिटल युगमा सामाजिक सञ्जालमार्फत भ्रामक सूचना (डिस्इनफर्मेसन) र दुष्प्रचार (मिस्इनफर्मेसन) र घृणास्पद अभिव्यक्ति (हेटस्पिच) तीव्र गतिमा फैलिने खतरा दिनप्रतिदिन बढेको छ । यसले मतदाताको निर्णय क्षमतामा प्रत्यक्ष प्रभाव पार्न सक्छ । तथ्य परीक्षण (फ्याक्ट चेकिङ), स्रोत प्रमाणीकरण र नैतिक आचरणभित्र रहेर सञ्चार क्षेत्रको कलम चल्नु पर्छ ।

निर्वाचनको विश्वसनीयता कायम राख्न सञ्चार माध्यमले निष्पक्षता, सन्तुलन र उत्तरदायित्वको उच्च मापदण्ड अपनाउनु पर्छ । सञ्चार माध्यमले सकेसम्म राजनीतिक दल र उम्मेदवारलाई समान अवसरको सिद्धान्त र मतदाताको गोपनीयताको हकको सम्मान गर्न पर्छ । सञ्चार माध्यमले कुनै दल वा उम्मेदवारप्रति पक्षपात नगरी नागरिकलाई सूचित निर्णय लिन सक्षम बनाउनु मूल दायित्व हो ।

निर्वाचन प्रचारको शैली फेरिएको छ । तुल-ब्यानर, भित्तेलेखन, पोस्टर-पम्प्लेटबाट समूल प्रचार डिजिटल प्लेटफर्म केन्द्रित भएको छ । अहिले मतदाताको रुचिका आधारमा डिजिटल प्लेटफर्ममा 'माइक्रो टार्गेटिङ' गरेर निर्वाचन प्रचार बढेको छ । विचार निर्माण, प्रचारप्रसार तथा गलत सूचना फैलाउन कृत्रिम बुद्धिको दुरुपयोग भइरहेको तथ्य सबैसामु छ । 'अल्गोरिदमको अर्डर' मा चुनावी कार्यक्रम अघि बढिरहेका छन् । यस्तोमा प्रविधिको सही प्रयोग वा सदुपयोगका लागि सचेत गराउनु सबैको साझा कर्तव्य हो । गलत र मिथ्या जानकारीविरुद्ध सही र आधिकारिक सूचना प्रवाह गर्ने दायित्व मूलधारका सञ्चार माध्यमको पनि हो । सञ्चार क्षेत्रको खबरदारीले भ्रमपूर्ण सूचना न्यूनीकरण गर्ने र आमनागरिकलाई सही सूचना प्रदान पनि गर्ने छ ।

संविधानप्रदत्त मौलिक हकको रक्षा र कार्यान्वयन दुवैमा आयोग सतर्क र सचेत छ । यसको अर्थ आयोग प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सदैव सम्मान गर्छ । लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण र परिवर्तनमा सञ्चार जगत्ले खेलेको भूमिकालाई आयोग सम्मान गर्छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता निरपेक्ष होइनन्, यसका सीमा छन् । संविधान, कानुन र असल अभ्यास पालना होस् । आफ्नो अधिकारसँगै नागरिक अधिकार र राष्ट्रप्रतिको दायित्वको सम्मानका लागि पनि आयोग आग्रह गर्छ । निर्वाचनको स्वच्छता र प्रेस स्वतन्त्रतालाई एकसाथ अघि बढाउनुपर्ने दायित्व अहिले विद्यमान छ । प्रेस जगत्लाई आयोगले सधैँ परिपूरकका रूपमा लिन्छ, आफ्नो प्रतिस्पर्धी ठान्दैन ।

जिम्मेवार र मूलधारका केही सञ्चार माध्यमले केही दिनयता मत सर्वेक्षण गरिरहेकोमा आयोग गम्भीर छ । मतदातासँगको कुराकानीका आधारमा भनिएका यस्ता सर्वेक्षण निर्वाचन स्वच्छता प्रतिकूल छन् भन्ने आयोगको निर्क्योल छ । यस्ता कार्य मत र मतदानको गोपनीयताविपरीत पनि छन् । आयोगले सम्बन्धित सञ्चार संस्थाका प्रतिनिधिलाई मतदानको स्वच्छता प्रतिकूल कार्य नगर्न आग्रह गरेको छ । नियामक निकायबाट स्पष्टीकरण मागिएको छ । आचारसंहिता प्रतिकूलका कार्यले निर्वाचनको स्वच्छता र मतको गोपनीयता भङ्ग गर्छ । त्यसमा आयोगले शून्य सहनशीलता अपनाउँछ । नियामक निकायले आफ्नो प्रक्रिया पूरा गरेपछि आयोगले कानुनबमोजिमको निर्णय लिन्छ । निर्वाचन प्रचारप्रसारमा पक्षधरता निर्वाचन आचारसंहिताविपरीत मात्र होइन, पत्रकारिताको पेसागत धर्म अनुकूल पनि छैन ।

### अन्त्यमा

दल तथा उम्मेदवारको दबाब, भिडको चिच्याहट र सामाजिक सञ्जालको प्रदूषणबाट मुक्त भई मतदाताले आफ्नो विवेकको निर्णय आफ्नै अन्तरआत्माले स्वतन्त्रतापूर्वक गर्ने अवसरका निम्ति पनि मूलधारका जिम्मेवार आमसञ्चार माध्यमले भूमिका निर्वाह गर्नु पर्छ । निर्वाचनमा दल एवं उम्मेदवारले तथ्य र तर्कका आधारमा आफूलाई प्रस्तुत गर्नु पर्छ । दल एवं उम्मेदवार कतै झुटो र जालसाजी गरेका छन् कि भनेर खबरदारी गर्ने काम सञ्चार माध्यमले गर्नु पर्छ । झुटो, अपमानजनक, गालीगलौजयुक्त, भ्रम फैलाउने, घृणा उक्साउने र हिंसा भड्काउने किसिमका सामग्रीले प्राथमिकता पाउनु हुँदैन । झुटो सूचना र अपमानजनक टिप्पणी सच्याउने तत्परता र जातीय, धार्मिक वा लैङ्गिक घृणालाई उक्साउने अभिव्यक्ति दिनबाट सञ्चार जगत् बच्नु पर्छ ।

लोकतन्त्रको रक्षा केवल मतदानले मात्र होइन, सूचित नागरिक र जिम्मेवार सञ्चारसमेतले सम्भव हुन्छ । सञ्चार क्षेत्रलाई अयोगको आग्रह छ -निर्वाचन लोकतान्त्रिक प्रक्रिया हो । थोरै 'भ्युज' को अपेक्षा, चर्चाको भोक र भाइरल बन्ने अपेक्षामा लोकतान्त्रिक प्रक्रियालाई अतिरञ्जित नबनाइदिनुहोस् । गोपबाट

# रहस्यमय राजनीतिक पाठशालामा नेपाल



• डा. भद्रा पराजुली भण्डारी

नेपालको राजनीतिक पाठशालामा आज शान्ति होइन सत्ता पढाइन्छ'भन्ने अभिव्यक्तिले वर्तमान नेपालको राजनीतिक यथार्थलाई गहन रूपमा चित्रण गर्दछ। राजनीति भनेको केवल सरकार बनाउने प्रक्रिया होइन।

राजनीति भनेको समाजलाई दिशा दिने शक्ति हो। राजनीति जनताको आशा,भरोसा र भविष्यको संरचना हो। राजनीति सत्तामा मात्र सीमित भयो भने त्यो जनताको आशा होइन केवल पदको प्रतिस्पर्धामात्र बन्छ। नेपालको राजनीतिमा धेरैजसो लोकतान्त्रिक अभ्यासभन्दा पनि प्रयोगशालाको पाठशाला बनेको देखिन्छ। जहाँ राजनीति सिद्धान्त होइन,शक्ति,स्वार्थको अभ्यास गराइन्छ।

राजनीति साधारणतया जनसेवा,सहमति,समन्वय र दीर्घकालीन सामाजिक रूपान्तरणको माध्यम हुनुपर्ने हो। तर यहाँ अंकगणितको हिसाबले विचारभन्दा गठबन्धन महत्वपूर्ण बन्ने गरेको छ। राजनीतिक पाठशालामा पढाइने विषयवस्तु आज शान्ति होइन सत्ता पढाइन्छ। यहाँ राजनीतिक संस्कार र आदर्शभन्दा अंकगणित पढाइन्छ। सहमतिभन्दा स्वार्थ र जनताभन्दा सत्ता सुरक्षित गर्न सिकाइन्छ। जव राजनीति जनताको जीवनभन्दा सत्ताको खेलमा सीमित हुन्छ तव लोकतन्त्र त बाँच्छ तर जनताको विश्वास मर्दै जान्छ। परिणामस्वरूप आजको नेपालको राजनीतिक अवस्था सिर्जित भएको छ। यहाँ शान्ति उत्तीर्ण हुन गाह्रो छ। राजनीतिक शक्ति भने बिना परीक्षा नै प्रथम श्रेणीमा उत्तीर्ण हुन्छन्। नेपालको राजनीतिमा आज विचारको प्रतिस्पर्धा होइन सत्ताको तालिम बनेको छ। जहाँ जनताका पाठ्यपुस्तक होइनन् केवल प्रयोगात्मक सामग्रीहरू पढाइन्छन्।

अब प्रश्न सोधिँदैछ। सुशासन खै ? रोजगार खै ? समृद्ध नेपाल खै ? युवा लक्षित कार्यक्रम खै ? भ्रष्टाचार निवारण खै ? आदि जस्ता कुराहरू जनताका मुख्य प्रश्न रहेका छन्। यहाँ चुनाव हुन्छ,संसद् बस्छ,सरकार बन्छ र ढल्छ। तर यी सबै औपचारिकता मात्र। राजनीति लामो समयसम्म जनताको अपेक्षाबाट टाढा रहँदै आएको यथार्थ नकार्न सकिँदैन। शान्ति प्रक्रियापछि नेपाल जनमुखी शासनतर्फ उन्मुख हुनेछ भन्ने आशा गरियो,तर व्यवहारमा राजनीति सत्ता केन्द्रित रह्यो। यही कारण नेपाल एउटा रहस्यमय राजनीतिक पाठशाला जस्तै बन्यो। जहाँ जनसेवा होइन,सत्ता कसरी प्राप्त गर्ने र कसरी जोगाउने भन्ने मात्र पढाइन्थ्यो। यो पाठशालामा पाठ्यक्रम स्पष्ट थियो।

सिद्धान्तभन्दा सम्झौता,नीतिभन्दा गठबन्धन,जनमतभन्दा शक्ति सन्तुलन छ। पछिल्ला केही वर्षमा यही पाठशालाभित्र नयाँ विद्यार्थीहरू प्रवेश गरेका छन्,जसले पुरानो पाठ्यक्रमलाई चुनौती दिइरहेका छन्। नेपालको राजनीति लामो समयसम्म सीमित पात्र,सीमित दल र सीमित सोचको वरिपरि घुमिरह्यो। सरकार गठन र विघटनलाई लोकतन्त्रको अभ्यास भनेर व्याख्या गरियो,तर यसले जनजीवनमा परिर्वतन,राजनीतिमा स्थायित्व ल्याउन सकेन। जनताको समस्या उस्तै रह्यो।

रोजगारी,शिक्षा, स्वास्थ्य,सुशासन र आर्थिक अवसरका मुद्दा भाषणमा सीमित भए। जनविश्वास गुम्दै गयो। विशेषगरी युवापुस्ता राजनीतिप्रति उदासीन होइन,असन्तुष्ट बन्दै गयो। यही असन्तुष्टिले नयाँ राजनीतिक परिवर्तनको आधार तयार हुँदै गयो। पछिल्ला राजनीतिक घटनाक्रमले देखाएको कुरा के हो भने परिवर्तन केवल उमेर वा अनुहारको प्रश्न होइन। परिवर्तन सोच, शैली, जवाफदेहिता र जिम्मेवारीको प्रश्न हो।

राजनीतिक दलले जनताका मुद्दाहरूको नेतृत्व गर्न सकेनन् भने जनताले रोज्ने विकल्प कुनै पनि रूपमा आउन सक्छ भन्ने कुरा पछिल्ला निर्वाचन परिणामले देखाइसकेको छ। अब पनि देखाउनेछ। राष्ट्रिय राजनीतिमा वैकल्पिक राजनीतिक शक्तिका नाममा नयाँ पार्टीको उदयले अझ ठूलो सन्देश दियो। नागरिक असन्तुष्टि अब मतमा रूपान्तरण हुँदैछ। जनताले प्रश्न गर्न थालेका छन्, जवाफ खोज्न थालेका छन्। यदि नेतृत्व इमानदार र सक्षम भयो भने राज्यका संरचनाहरूले काम गर्न सक्छन्। यही विश्वासले राजनीतिलाई पनि प्रश्न गऱ्यो। यदि एक संस्थाले काम गर्न सक्छ भने सरकार किन सक्दैन ?

परिवर्तनका आवाजहरू अब राजधानीमा मात्र सीमित छैन। मोफसलमा दलहरूलाई चुनौती दिँदै स्वतन्त्रको उदयले प्रमाणित गरिसकेको छ। जनताले काममा स्पष्टता र पारदर्शिता खोज्न थालेका छन्। परिवर्तनका नाममा उठिरहेका आवाजहरूमा स्वरहरू थपिन थालेका छन। यी उठेका,उठ्दै गरेका र उठने क्रममा रहेका सामूहिक असन्तुष्टिहरूको प्रतिनिधित्व गर्ने स्वरहरू संगठित हुने क्रममा रहेको देखिन्छ। विचार र मुद्दाका आधारमा ती स्वरहरू एउटै छातामुनि अटाउन नसके पनि यी आवाजहरूले नेपाली राजनीतिलाई शुद्धीकरण गर्ने कार्यको थालनी गरेको छ भन्दा अतिशयोक्ति नहोला।

वैकल्पिक राजनीतिक शक्तिको रूपमा उभिने प्रयत्नमा रहेका नयाँ आवाजहरूले जनताका बीचमा आफूलाई प्रमाणित गर्न त बाँकी नै छ। तर अब नाम,झण्डा र इतिहासले मात्र राजनीति जीवन्त हुन सक्दैन। जनताका आवाजहरूको प्रतिनिधित्व र अपेक्षाहरूको न्यायपूर्ण सम्बोधनतर्फ लाग्नुपर्छ भन्ने चुनौती पुराना स्थापित दलहरूलाई दिएको छ। अहिले पुराना दलहरू सुधारको कुरा गर्न थालेका छन्,आन्तरिक लोकतन्त्रको चर्चा गर्न थालेका छन्,यद्यपि व्यवहार अझै कमजोर छ।

नयाँ राजनीति सहज छैन। अनुभवको कमी,आन्तरिक असहमति,राज्य संयन्त्रको प्रतिरोध र जनअपेक्षाको चापको राप ठूलो चुनौती हो। तर यथार्थ के हो भने पुरानो राजनीतिले यी चुनौती पार गरेर नै देशलाई यो अवस्थामा ल्याएको हो। आज जनता प्रश्न गर्न सक्छन् आफ्ना असन्तुष्टिहरू संगठित अथवा असंगठित रूपमा व्यक्त गर्न सक्छन्। कतिपय अवस्थामा सत्तालाई आफ्ना कुरा सुन्न र मान्न बाध्य पार्न सक्ने अवस्थामा छन्।

आम नागरिक भित्र उम्रिएको यो चेतना र आफ्ना भावना खुला रूपले राख्न पाउने अवस्था छ। तत्काल केही दिनको प्रयासले मात्र बनेको भने होइन। पुराना मूलधारका राजनीतिक दल भनिएकाहरूको निरन्तर संघर्षको प्रतिफल हो। परिवर्तनका पक्षमा जनमत छ भन्दैमा यी कुराहरूलाई नजरअन्दाज गरियो भने अर्को दुर्घटना नहोला भन्न सकिन्न। तर अब जोखिम नलिने हो भने परिवर्तन सम्भव छैन।

युवाहरूले राजनीति केवल आलोचना गरेर होइन,प्रत्यक्ष सहभागिताबाट बदल्ने प्रयास गरिरहेका छन्। पुराना दलहरूले पनि युवाहरूको भावना र अपेक्षाहरूको सम्बोधन गर्न कन्जुस्याँई गर्नु हुन्न। यो पुस्ता हाम्रो देशको भविष्य हो भोलिको नेतृत्व हो। युवा पुस्ताले पनि परिवर्तनका नाममा पुरानालाई निषेध गरेर अगाडि बढ्नु सुखद नहुन सक्छ। नेपाल अझै पनि एउटा राजनीतिक पाठशालामै छ। विश्वले आफ्नै तरिकाले अध्ययन गर्दैछ। पूर्व,पश्चिम,उत्तर र दक्षिणका छिमेकीहरूको पनि आफ्नै अनुकूलताको विषयवस्तु छन्। तर अब त्यहाँ पुरानो पाठ्यक्रममात्र पढाइँदैन। प्रश्न सोधिँदैछ। बहस हुँदैछ। विकल्प खोजिँदैछ। सत्तामात्र होइन,प्रणालीको पुनरावलोकन भइरहेको छ।

यो परिवर्तन पूर्ण छैन,न त छिटो नै हुनेछ। तर दिशा परिवर्तनउन्मुख भएको स्पष्ट छ। राजनीतिमा नयाँ ऊर्जा प्रवेश गरेको छ। जनताले राजनीति फर्केर हेर्न थालेका छन्। आम जनतामा देश र प्रणालीप्रतिको विषयमा लक्षित भइसकेका छन्। चेतनाको स्तर सकारात्मक रूपमा अगाडि बढ्यो भने निश्चित रूपमा देश सुशासनको बाटोमा अगाडि लम्किन्छ। र दिगो विकासको आधार तयार गर्छ।

आजको सबैभन्दा ठूलो चुनौती के हो भने लोकतन्त्र बाँचेको छ। तर जनविश्वास कमजोर हुँदै गएको छ। विश्वास गुम्यो भने लोकतन्त्रको भवन उभिएको देखिएता पनि भित्रभित्रै जग हल्लिन थाल्छ। शान्ति पढाइएन भन्ने गुनासो थियो। अब सम्भवतः नयाँ पुस्ताले शान्तिसँगै जवाफदेहिता,सुशासन र नागरिक सम्मान पढाउन थालेको छन्। नेपालको राजनीतिक भविष्य अझै लेखिँदैछ। यस पटक त्यो भविष्य धेरै प्रश्न,धेरै चेतना र धेरै सहभागिताबाट बनिरहेको छ। हामी राजनीतिक पाठशालामा मौन विद्यार्थी बन्ने कि लोकतन्त्रको सचेत पहरेदार ? निर्णय हाम्रो हातमा छ। अपूबाट

# प्राथमिकतामा नपर्ने गोरखकाली रबर उद्योग

काठमाडौँ । २०४१ साल जेठ ३० गते उद्योग विभागमा दर्ता भएर २०४२ सालमा राजा वीरेन्द्रले शिलान्यास गरेको गोरखा नगरपालिका वडा नं १३ मझुवास्थित गोरखकाली रबर उद्योग लिमिटेडको अहिले जीर्ण हालतमा छ।
नेपालको एकमात्र रबर उद्योगको रूपमा स्थापित यो उद्योगले वि.सं २०५० को




दशकदेखि व्यवसायिक उत्पादन थालेको भए पनि हाल पूर्ण रुपमा बन्दको अवस्थामा रहेको छ। मित्रराष्ट्र चीनको सहयोगमा स्थापित गोरखकाली रबर उद्योग देशकै एउटा चर्चित उद्योग त थियो नै, यो उद्योगले राष्ट्रिय उत्पादन र पुँजी बृद्धिमा ठूलो टेवा पुऱ्याएको थियो।
सरकारी र निजी साझेदारीमा सञ्चालित गोरखकाली रबर उद्योगले प्रतिवर्ष हेभी र लाइट गरेर विभिन्न प्रकारका एक लाख २० हजार टायर उत्पादन गर्ने लक्ष्य राखेको थियो। उद्योग सञ्चालनको क्रममा विभिन्न प्रकारका ८८ हजार टायर प्रतिवर्ष उत्पादन गरिरहेको थियो। ट्रकका लागि १२ प्रकारका, जीप र भ्यानका लागि ५ प्रकारका र साना कारका लागि ६ प्रकारका टायर यस उद्योगले उत्पादन गर्ने गर्दथ्यो।
करिब ६७० रोपनी क्षेत्रफलमा रहेको यो उद्योगमा सरकार, सर्वसाधारण, एसियाली विकास बैंक, नेपाल आयल निगम, हिमाल सिमेन्ट, नेपाल साल्ट ट्रेडिङलगायत संघसंस्थाको साझेदारी रहेको देखिन्छ। उद्योग सञ्चालनको सुरुकै चरणमा करिब ४०० जनाले विभिन्न क्षेत्रमा प्रत्यक्ष रोजगारी पाएका थिए। कुल टायर र ट्यूबको आन्तरिक मागको करिब ४० प्रतिशत हिस्सा पूर्ति गर्न सफल भइसकेको उद्योगले विदेशी टायरसँग पनि राम्रै प्रतिस्पर्धा गरिराखेको थियो। नेपालमा उत्पादित टायरहरु भारत, बङ्गलादेश, श्रीलङ्कालगायतका दक्षिण एसियाली मुलुकहरुमा निर्यात हुन्थ्यो। नेपालको काठमाडौं, पोखरा, चितवन, बुटवल, धरान, वीरगञ्ज, जनकपुरलगायतका ठूला ३० वटा शहरमा  डिपो राखेर राम्रो बजार व्यवस्थापनसहित सफलता हासिल गरिरहेको यस गोरखकाली रबर उद्योग गोरखाबासीको मात्रै नभएर नेपालकै एउटा प्रतिष्ठा बनेको थियो।

तर विगत १० वर्षदेखि उद्योग पूर्णरूपमा बन्द छ। करिब १० अर्ब बराबरको राज्यको सम्पत्ति र सयौँ रोपनी क्षेत्रफल भएको रबर उद्योगको वरिपरि झाडी र घारीले घेरिएको छ। मेसिनमा खिया लागेको छ।

# निक्षेप खाता जनसंख्याको दोब्बर पुग्दा कर्जा खाता २० लाख

काठमाडौं । बैंकिङ प्रणालीमा निक्षेप खाता कुल जनसंख्याको दोब्बर बढी पुग्दा कर्जा खाता भने न्यून देखिएको छ । हाल नेपालमा निक्षेप खाता ६ करोड नाघेको छ ।
राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार, नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४८० छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८२/८३ को पुससम्ममा बैंक तथा वित्तीय संस्थाहरूमा ६ करोड १७ लाख ७९ हजार ८७२ निक्षेप खाता खुलेका छन् ।
तर, कर्जा खाताको संख्या भने २० लाख २४ हजार २८० मात्र छ ।
बैंक तथा वित्तीय संस्थामा कर्जा खाताभन्दा निक्षेप खाता ३० गुणा बढी देखिन्छ ।नेपाल राष्ट्र बैंकका सहायक प्रवक्ता सुमन न्यौपानेका




अनुसार, निक्षेप खाताको संख्या धेरै हुनुमा 'मल्टिपल एकाउन्ट' (एउटै व्यक्तिको धेरै बैंकमा खाता हुनु) मुख्य कारण हो । सर्वसाधारणले ब्याजदरमा हुने भिन्नता, पहुँच र विभिन्न प्रयोजनका लागि एकभन्दा बढी बैंकमा खाता खोल्ने गरेका छन् । यसका अतिरिक्त विभिन्न संघ-संस्थाहरूको पनि धेरै बैंकमा खाता रहने भएकाले निक्षेप खाताको संख्या जनसंख्याभन्दा धेरै देखिएको हो ।
कर्जा खाताका लागि भने निश्चित परियोजना, व्यवसाय र बैंकको मापदण्ड पूरा गर्नुपर्ने भएकाले निक्षेपको तुलनामा यसको संख्या कम हुने न्यौपाने बताउँछन् ।
बैंक तथा वित्तीय संस्थामध्ये सञ्चालनमा रहेक २० वाणिज्य बैंकहरूमा मात्र ५ करोड ३० लाखभन्दा बढी निक्षेप खाताहरू छन् । तिनै वाणिज्य बैंकहरूमा कर्जा खाता भने १६ लाख ७८ हजारको हाराहारीमा मात्र छन् ।
यसले निक्षेपकर्ताको तुलनामा ऋण लिने ग्राहकहरूको संख्या निकै कम रहेको देखाउँछ ।
सञ्चालनमा रहेका १७ विकास बैंकहरूमा ७६ लाख ८९ हजार निक्षेप खाता हुँदा कर्जा खाता संख्या २ लाख ६८ हजार मात्र छन् । यस्तै, सञ्चालनमा रहेका १७ वित्त कम्पनीहरूमा पनि १० लाख ६६ हजार ८०८ निक्षेप खाताको तुलनामा ७७ हजार मात्र कर्जा खाता रहेका छन् ।
पछिल्लो तथ्यांकअनुसार विकास

❖ बाँकी अन्तिम पृष्ठमा

# भर्जिनियामा भएको हत्याबाट रामपुरमा शोक

धनकुटा । स्थानीय समयअनुसार सोमबार बिहान अमेरिकाको भर्जिनिया राज्यको फेयरफ्याक्स काउन्टीस्थित एक नेपाली परिवारमा जघन्य हत्या प्रकरण भयो । यो घटनाबारे उदयपुर जिल्लाको बेलका नगरपालिका-९ रामपुरमा मंगलबार बिहानैदेखि खासखुस चलिरहेको थियो ।

स्थानीयहरूलाई यो घटनाबारे किन चासो थियो भने घटनाका मुख्य आरोपित छत्रबहादुर थापाबारे स्थानीयले कुराकानी गरिरहेका थिए । फेयरफ्याक्स प्रहरीका अनुसार ३१ वर्षीया छोरी ममता थापा र ५१ वर्षीया श्रीमती बिन्दा थापाको हत्या गरेका ५० वर्षीय छत्रबहादुर थापा प्रहरी कारबाहीमा मारिए । त्यहाँका प्रहरी प्रमुख केभिन डेभिसले घटनाबारे बताउँदै हत्यामा संलग्न रहेका आरोपी छत्रबहादुर पनि प्रहरी कारबाहीमा मारिएको बताए ।
मुख्य आरोपित छत्रबहादुर गाउँघरमा 'मिलन' नामबाट परिचित थिए ।
बीभत्स हत्याको यो घटनापछि छत्रका आफन्त र चिनेजानेकाहरू स्तब्ध छन् । रामपुरमा रहेका छत्रका छोरा मौसम भने झनै विक्षिप्त छन् । नहुन् पनि किन बुधबार मात्रै छत्रकी कान्छी छोरी अर्थात् बिहेको तयारी भइरहेको थियो । बिहेमा जाने तयारीमा रहेका बेला बुबाआमा र दिदीको मृत्युको खबर आएको बताउँदै मौसमले सुनाए, 'विवाहका लागि आफन्तजन, अमेरिकाबाट सरसल्लाह लिइरहेका थिए ।
मृतक छत्रबहादुरका भाइ नाता पर्ने सुशील थापाले गाउँघरमा खेती किसानसँगै कुटानी पिसानीको मिल



मौसमकी बहिनी मनीषाको बिहे तय भएको थियो ।
हत्याको घटना गाउँमा आइपुग्नुअघि सुनसरीको चताराधामबाट मनीषाको इष्टमित्र भेला हुने क्रम चलिरहेको थियो । हामीले यो के भोगिरहेका छौं, विश्वास नै लागिरहेको छैन ।' जबकि यो बिहेबारे छत्र आफैंले सञ्चालन गर्दै आएका छत्र गत असोजमा श्रीमतीसहित अमेरिका पुगेको बताए । उनले छोरी ममताले नै बुबाआमालाई अमेरिकामा घुम्न बोलाएको बताए । ममता भने २०७३ सालमा डीभीमार्फत अमेरिका पुगेकी थिइन् ।
छत्रकी छोरी मनीषाले घटनाको अघिल्लो दिन अर्थात् आइतबार मात्रै बुबासँग कुरा भएको बताइन् । उनले बुबा नेपाल आउन खोजिरहे पनि नमिलेको र बुबाले केही समय अघि मात्रै काम छाडेर बसेको सुनाइन् ।
उनले भनिन्, 'त्यही दिन ममी र दिदीसँग पनि कुरा भएको थियो । सबै सहजै थियो । कुनै फरकपन थिएन ।' उनले यो घटनाबारे सही अनुसन्धान हुनुपर्ने र सत्यतथ्य बाहिर आउनुपर्ने बताइन् । भनिन्, ' बाहिर तथ्यहरू बांगिएर आएका हुन् कि भन्ने पनि हाम्रो शंका छ ।'
फेयरफ्याक्स प्रहरी प्रमुख केभिन डेभिसले घटनाबारे सञ्चारकर्मीहरूसँग कुरा गर्दै यो घटनाबारे आफूलाई वर्णन गर्न पनि गाह्रो भइरहेको बताए । उनले भनेका छन्, 'म कल्पना पनि गर्न सक्दिनँ । त्यो चार भित्ताभित्र के भइरहेको थियो ।'

# प्रस्तावित धरान विमानस्थल क्षेत्रको रोक्का जग्गा फुकुवा

धरान। धरान उपमहानगरपालिका-१७ डाँडाघोपामा विमानस्थल निर्माण गर्ने भन्दै दुई वर्षदेखि रोक्का गरिएको जग्गा फुकुवा गरिएको छ ।
धरान उपमहानगरपालिकाका पूर्व नगर प्रमुख हर्कराज राई (साम्पाङ) ले २०८० भदौ ११ गते विमानस्थल निर्माण गर्ने भन्दै त्यस क्षेत्रको जग्गा बिक्री वितरण सिफारिस रोक्ने निर्णय गरेका थिए । उक्त निर्णयका कारण धरान उपमहानगरपालिका-१७ डाँडाघोपामा करिब एक हजार बढी घरपरिवारको जग्गा रोक्का गरिएको थियो । धरान उपमहानगरपालिकाका कार्यवाहक नगर प्रमुख अइन्द्रविक्रम बेघाका अनुसार स्थानीय जग्गाधनीको निवेदनपछि यति इन्कर्पोरेट प्रालिको नाममा रहेको जग्गाबाहेक अन्य जग्गाको रोक्का मंगलबारदेखि फुकुवा गरिएको छ । फुकुवासम्बन्धी निर्णय वडा नं १७ कार्यालय, मालपोत तथा नापी कार्यालयमा पठाइसकिएको कार्यवाहक नगर प्रमुख बेघाले जानकारी दिए ।
डाँडाघोपामा करिब २२ वर्षअघि यति इन्कर्पोरेटले विमानस्थल निर्माण गर्ने योजनासहित करिब सात बिघा जग्गा खरिद गरेको थियो । निजी कम्पनीले विमानस्थल निर्माण गर्न पाउने स्पष्ट कानुनी व्यवस्था नरहेकाले विमानस्थल निर्माण अघि बढ्न सकेको थिएन । विमानस्थलका लागि सस्तो मूल्यमा जग्गा बिक्री गरेका स्थानीयले विमानस्थल नबन्ने भएपछि आफ्नो जग्गा फिर्ता हुनुपर्ने माग गर्दै आएका थिए । २२ वर्षअघि यति इन्कर्पोरेटले विमानस्थल निर्माण गर्ने योजनासहित करिब २ ९ घरपरिवारसँग प्रतिकट्ठा २८ हजारदेखि ३२ हजार रुपैयाँसम्ममा जग्गा खरिद गरेको थियो ।
विमानस्थल निर्माणको सम्भाव्यता अध्ययनका क्रममा नेपाल नागरिक उड्डयन प्राधिकरणले प्राविधिक रूपमा डाँडाघोपामा विमानस्थल निर्माण उपयुक्त नहुने निष्कर्ष निकालेपछि उक्त परियोजना अन्योलमा परेको थियो । पछिल्लो समय तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीको निर्देशनमा पुनः अध्ययन प्रक्रिया अघि बढाइएको थियो ।
प्राधिकरणले २०८० कात्तिक २३ गते प्रबन्धक नलविक्रम थापाको संयोजकत्वमा वरिष्ठ कानुन अधिकृत विमल खनाल र चार्टर्ड एकाउण्टेन्ट अनिल बस्नेत सदस्य रहेको तीन सदस्यीय टोली गठन गरी अध्ययन थालेको थियो । उक्त टोलीले २०८० मंसिर २१ गते प्रस्तावित विमानस्थल क्षेत्रको स्थलगत अध्ययन गरेको थियो ।

उक्त टोलीले विगतका प्रतिवेदनलाई आधार मानेर अध्ययन गरेको हो । प्राधिकरणले २०७४ असार १ गते धरान उपमहानगरपालिकालाई पत्र पठाउँदै एटीआर-४२ क्षमताको जहाजका लागि विमानस्थल निर्माण गर्न करिब ९३ दशमलव २५ बिघा जग्गा आवश्यक पर्ने उल्लेख गरेको थियो । हाल ७२ सिट क्षमताका जहाज सञ्चालनमा रहेकाले अझ बढी क्षेत्रफल आवश्यक पर्ने निष्कर्ष टोलीले निकालेको थियो ।

## बिर्तामोड...

स्थानीय जनप्रतिनिधि र आन्दोलनका अगुवाहरूले हस्ताक्षर गरेका छन् ।
सर्वपक्षीय सहमतिमा हस्ताक्षर गर्नेहरु उक्त सहमतिमा राजनीतिक दल, स्थानीय दलका प्रतिनिधि तथा आन्दोलनरत् पक्षले हस्ताक्षर गरेका छन् । हस्ताक्षर गर्नेहरुमा प्रजिअ गेलाल, नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवे, नेकपा एमाले झापा अध्यक्ष प्रेम गिरी, नेपाली कम्युनिष्ट पार्टी झापाका नेता भाष्कर काफ्ले, राष्ट्रिय स्वतन्त्र पार्टीका अनुसन्धान आयोगका जिल्ला प्रमुख अर्जुन उप्रेती, राप्रपा झापाका अध्यक्ष केशवप्रसाद ओझा, जसपा झापा अध्यक्ष समर राई, जनमत पार्टीका झापा अध्यक्ष भोटलाल राजवंशी, लोसपा झापा अध्यक्ष अनुतसिंह राजवंशी, नेपाल कम्युनिष्ट पार्टी (विप्लव)का झापा इन्चार्ज सुमन सिंह, श्रम संस्कृति पार्टी झापा उपाध्यक्ष सम्पूर्णी लिम्बू, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च झापाका अध्यक्ष राजा आङ्थुपो, उज्यालो पार्टी नेपाल झापा संयोजक श्याम पाठक रहेका छन् ।
त्यस्तै बिर्तामोड नगरपालिकाकी प्रमुख पवित्रा महतारा प्रसाई, अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेव सिंह गोम्देन, उपप्रमुख खड्गमाया पराजुली, बिर्तामोड-५का वडाध्यक्ष रोहित प्रसाईं, अर्जुनधारा-११का वडाध्यक्ष खगेन्द्र इङ्नाम, वडा सदस्य केशव अधिकारी, नापी कार्यालय झापाका प्रतिनिधि लक्ष्मणकुमार यादव र प्रमोद दाहालले समेत हस्ताक्षर गरेका छन् । आन्दोलनरत् बसपार्क समन्वय समितिको तर्फबाट संयोजक सुजन शिवाकोटी तथा सुदीप दंगाल, संजोगी चेम्जोङ, हरि भण्डारी, भवानी कार्की, रोशन सुवेदी, पदमबहादुर तामाङ, रामकुमारी निरौलालगायतले हस्ताक्षर गरेका छन् । सर्वपक्षीय बैठकमा जिल्ला प्रहरी कार्यालय झापा प्रमुख बसुन्धरा खड्का, सशस्त्र प्रहरी बल नम्बर २ गण हेडक्वाटर झापाका प्रमुख अम्बिकाप्रसाद जोशी, राष्ट्रिय अनुसन्धान कार्यालय झापाका प्रमुख उमेश पाण्डेलगायतको सहभागिता थियो ।

**यस्तो छ ६ बुँदे सहमति**

१) झापाको बिर्तामोड नगरपालिका वडा नम्बर ५ र अर्जुनधारा नगरपालिका वडा नम्बर ११ स्थित बसपार्क क्षेत्रको ५१ बिगाह जग्गा कानून बमोजिम खरिद गरी लामो समयदेखि नागरिकहरु बसोबास भइरहेको बारेमा सरोकारवालाहरु सबै जानकार छौं, अहिले सो क्षेत्रको जग्गा रोक्का अवस्थामा रहेकोले घडेरी तथा घरजग्गाहरु यथाशीघ्र फुकुवा गर्न माग गर्ने, पीडितहरुको माग पूरा गर्ने पहलका लागि राजनीतिक दलहरुबाट सामूहिक प्रतिवद्धता व्यक्त गर्दछौं ।
२) बिर्तामोड नगरपालिका वडा नं. ५ तथा अर्जुनधारा वडा नं. ११ को समस्या समाधान गर्न दुबै पालिकाका जनप्रतिनिधिहरूले ५१ बिगाह जग्गा तत्काल फुकुवा गर्न सम्बन्धित निकायहरूमा विशेष पहल गर्ने ।
३) लामो समयसम्म पनि समस्या समाधान नभएमा कानूनी उपचारको प्रक्रियामा राजनीतिक दलहरुबाट आवश्यक साथ, सहयोगका लागि ऐक्यबद्धता रहेको छ ।
४) निर्वाचन लोकतन्त्रको आधार भएको हुनाले मत माग्ने र मतदान गर्ने नागरिकको अधिकारको सम्मान गर्दै, आन्दोलनरत पक्ष (५१ विगाह क्षेत्रका नागरिकहरु)ले आजैदेखि आन्दोलनका सबै कार्यक्रमहरु फिर्ता लिने, बस पार्क क्षेत्रमा निर्वाचन गतिविधि सञ्चालनका लागि नेपालको प्रचलित कानून बमोजिम शान्तिपूर्ण तथा मर्यादित राजनीतिक गतिविधि सञ्चालन गर्न सहज बनाउने ।
५) बसपार्क तथा ५१ बिगाह क्षेत्रभित्र राखिएका 'प्रवेश निषेध' सम्बन्धी सम्पूर्ण होर्डिङ बोर्ड, ब्यानर तथा प्रतिबन्धात्मक सामग्री तथा सूचनाहरू आन्दोलनरत् पक्षबाट बसपार्क समन्वय समितिद्वारा आजै हटाइनेछ ।
६) आगामी फागुन २१ गते हुने निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहीत सम्पन्न गर्न सबै सरोकारवालाहरु प्रतिबद्ध रहेका छौं ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ